आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली
मितिः ३० जुलाई २०२४
समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले देशको सकल घरेलु उत्पादन (जीडीपी) आठ प्रतिशतको दरले बढिरहेको र विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिन टाढा नभएको बताउनु भएकोछ ।

२. झारखंडमा हावड़ा-मुंबई रेल दुर्घटना पछि राहत अनि बचाव कार्य पूरा भएको छ। दुर्घटनामा दुई यात्रिहरुको मृत्यु भएको छ भने 24 यात्रीहरु घाइते भएका छन्।

३. हिमाक्षर १७औं अन्तर्राष्ट्रिय सम्मेलन साथै अव्दुल कलाम पुरस्कार वितरण समारोह आज मिरिकको रंगशाला भवनमा भव्यताको साथ सम्पन्न भयो।

४. वर्षा २०२२ देखि हाम्रो किताब घरले प्रदान गर्दै आइरहेको शशिप्रभा स्मृति पुरस्कारको लागि यस वर्षको दस श्रेष्ठ पुस्तक आज सार्वजनिक गरिएको छ।

५. पेरिस ओलंपिकमा भारतीय निशानेबाज मनु भाकर अनि सरबजोत सिंहले आज पेरिस ओलिंपिकमा दस मीटर एयर पिस्टल मिक्स्ड टीम स्पर्धा मा भारतको लागी दोस्रो कांस्य पदक जितेका छन्।

**प्रधानमन्त्रीको बजेट सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशको सकल घरेलु उत्पादन (जीडीपी) आठ प्रतिशतको दरले बढिरहेको र विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिन टाढा नभएको बताउनु भएकोछ । आज नयाँ दिल्लीमा "विकसित भारत तीरको यात्रा" शीर्षकको सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै श्री मोदीले महामारीसँग लड्दा पनि भारत नयाँ उचाइमा पुगेको बताउनु भयो। उहाँले सरकारले सबै क्षेत्रमा ध्यान दिएको बताउनु भयो । यो सम्मेलन देशको बजेट सदनमा पेश भएपछि आयोजित गरिएको हो । प्रधानमन्त्रीले सरकारले जुन गतिमा पूर्वाधार निर्माण गरिरहेको छ त्यो अभूतपूर्व रहेको बताउनु भयो । उहाँले पूँजीगत खर्चलाई स्रोत लगानीको सबैभन्दा ठूलो उत्पादक माध्यम मानिएको बताउनु भयो । श्री मोदीले भन्नु भयो कि सन् २००४ मा यूपीए सरकारको पहिलो बजेटमा पुँजीगत खर्च करिब ९० हजार करोड रुपियाँ थियो भने २०१४ मा बढेर २ लाख करोड रुपियाँ पुग्यो । उहाँले भन्नु भयो कि बजेटको आकार अहिले तीन गुणा बढेर ४८ लाख करोड रुपियाँ पुगेको छ। श्री मोदीले सरकारले मन्त्रालयको बाँडफाँडमा रेकर्ड वृद्धि गरेको बताउनु भयो। श्री मोदीले भारत उच्च वृद्धि र न्यून मुद्रास्फीति भएको एक मात्र देश भएको बताउनु भयो। उहाँले विगत १० वर्षमा २५ करोड जनता गरिबी रेखाबाट बाहिर आएको पनि बताउनु भयो । प्रधानमन्त्रीले सरकारले सहज जीवनयापनए सीप विकास र रोजगारीमा विशेष ध्यान दिएको बताउनुभयो । उहाँले रोजगारी सिर्जना गर्ने लघुए साना तथा मझौला उद्योगलाई पनि विशेष ध्यान दिएको बताउनु भयो । उहाँले सरकारले आफ्ना सबै नागरिकका लागि सादगी र गुणस्तरीय जीवनयापनलाई सुनिश्चित गर्ने प्रयास गरिरहेको बताउनु भयो । श्री मोदीले थप भन्नु भयो - आज भारतको नीतिए समर्पणए संकल्प र निर्णयले सारा विश्वलाई देशमा लगानी गर्न आकर्षित गरिरहेको छ। उहाँले भारत विकास र स्थिरताको प्रतीक भएको बताउनु भयो ।यो एकदिवसीय सम्मेलन भारतीय उद्योग परिसंघ–ब्प् ले आयोजना गरेको हो । यसले विकासको लागि सरकारको बृहत्तर दृष्टिकोण र यस प्रयासमा उद्योगको भूमिकाको रूपरेखा तैयार पार्ने लक्ष्य राखिएको छ। सम्मेलनमा उद्योग, सरकार, कूटनीतिक समुदाय, थिंक ट्याङ्क लगायतका एक हजारभन्दा बढी सहभागीहरू छन् तथा स्वदेश तथा विदेशमा रहेका विभिन्न सीआईआई केन्द्रहरूसँग आबद्ध छन् ।

****** ० ******

**झारखंड-ट्रेन-दुर्घटना**

झारखंडमा हावड़ा-मुंबई रेल दुर्घटना पछि राहत अनि बचाव कार्य पूरा भएको छ। चक्रधरपुर रेल मंडलको बड़ाबाम्बो अनि खरसावा रेलवे स्टेशन बीच आज विहान हावड़ा-मुंबई मेलको 18 वटा बोगिहरु रेल लिक देखि झरेर दुई यात्रिहरुको मृत्यु भएको छ भने 24 यात्रीहरु घाइते भएका छन्। ट्रेनको बी-4 कोच बाट दुइ यात्रिहरुको शव बरामद गरिएको छ। घाइतेहरु लाई स्थानीय अस्पतालमा भर्ती गरिएको छ। अन्य फसेका यात्रिहरुलाई विशेष ट्रेन बाट उनीहरुको गंतव्य मा पठाईएको।रेलवेले मृतकको परिजनलाई 10 लाख रुपयाँ अनुग्रह राशि प्रधान गर्ने घोषणा गरेको छ। गंभीर रूपमा घाइते भएका यात्रिहरुलाई पाँच लाख अनि सामान्य रूपमा घाइते भएकायात्रि हरुलाई एक लाख रुपोयाँ अनुग्रह राशि प्रधान गर्ने घोसना गरेको छ।रेल दुर्घटना पछि दक्षिण पूर्व रेलवेको टाटानगर-चक्रधरपुर रेलखंडमा रेल यातायात बाधित भएको छ। लामो दुरीको 11 वटा ट्रेनहरु रद्द गरिएको छए छ वटा लाई ट्रेनलाई शॉर्ट टर्मिनेट गरिएको छ अनि 17 वटा ट्रेनको मार्ग परिवर्तन गरिएको छ। रेलवेले विभिन्न स्थानहरूमा हेल्पलाइन नंबरहरू जारी गरेकोछ।

टाटानगरमा ;०६५७२२६०३२४, चक्रधरपुरमा ;०६५८७२३८०७२, राउरकेलामा ;०६६१२५०१०७२,०६६१२५००२४४, रांचीमा ;०६५१२७८७११ र हावड़ामा ;६४३३३५७६२०, ०३३२६३८२२१७, हेल्पलाईन नम्बर जारी गरिएकोछ।

****** ० ******

**केरल – वायनाड पैह्रो**

केरलमा भीषण वर्षाले गर्दा वायनाड जिल्लाको पाहाड़ी इलाकामा व्यापक पैह्रो गएकोछ। पैह्रोमा परि मर्नेहरूको संख्या 54 पुगेकोछ। मर्नेहरूको संख्या अझ बढ्ने आशंका छ। प्राप्त ताजा जानकारी अनुसार 100 भन्दा बढी मानिसहरू घाइते भएका छन्। घातेहरूको संख्या अझ बढ्ने सम्भावना छ। एनडीआरएफका टीमहरूलाई राहत र बचाव कार्यमा खट्टाइएकोछ। सेनाका जवानहरूलाई पनि तैयार राखिएकोछ। पैह्रो वायनाडको मुण्डकाइ, अट्टामाला र चुरामालामा क्षेत्रमा गएको हो। पैह्रोले सैकड़ों घरहरू पुरिएको, रूखपात ढलेको र मलबाको थुप्रो देखिएकोछ।राष्ट्रपति द्रौपदी मुर्मू र उपराष्ट्रपति जगदीप धनखड़ले वायनाडमा गएको पैह्रोमा परि ज्यान गुमाउनेहरू प्रति गहिरो शोक समवेगना व्यक्त गर्नु भएकोछ। राष्ट्रपतिले सोशल मीडिया पोस्टमा घाइतेहरूको शीघ्र स्वस्थ हुने प्रार्थना गर्नु भएकोछ। प्रधान मंत्री नरेंद्र मोदीले वायनाडका केहि इलाकामा गएको भीषम पैह्रोमा परि मर्नेहरू प्रति गहिरो शोक समवेदना व्यक्त गर्दै प्रत्येक मृतकको निकटतम आफन्तलाई प्रधान मंत्री राष्ट्रीय राहत कोषबाट दुई-दुई लाख रुपियोको अनुग्रह राशि दिइने घोषणा गर्नु भयो। घाइतेहरूलाई ५०-50 हजार रुपियाँ दिइने घोषणा पनि गर्नु भयो। प्रधानमंत्रीले केरलका मुख्यमंत्री पिनाराई विजयन सित बात गरि स्थितिको ताजा जानकारी लिनु भयो तथा केंद्र सरकारले हर संभव सहायता दिने आश्वासन दिनु भयो। गृहमंत्री अमित शाह र रक्षा मंत्री राजनाथ सिंहले पनि वायनाडमा भएको भूस्खलनको घटनामा ज्यान गुमाउनेहरू प्रति गहिरो शोक समवेदना व्यक्त गर्नु भएकोछ। वायनाडका कांग्रेस सांसद तथा संसदमा विपक्षी नेता राहुल गाँधी वायनाड जानु हुने बताउनु भएकोछ।

****** ० ******

**सिक्किम राज्यपाल**

सिक्किमका नवनियुक्त राज्यपाल ओम प्रकाश माथुर सिक्किम आइपुगनु भएक्जो छ। आज हेलीकप्टरमा बुर्तुकस्थित हेलिप्याडमा उहाँले अवतरण गर्नुभयो। हेलिप्याडमा राज्यपाललाई मुख्य सचिव वीबी पाठकए डीजीपी एके सिंहए अतिरिक्त मुख्य सचिव आर. तेलाङए प्रोटोकल सचिव केडी रिचुङए गान्तोक जिल्लाका जिल्लापाल तुषार निखारे र वरिष्ठ पुलिस अधीक्षक तेन्जिङ लोडेनले स्वागत जनाए।नवनियुक्त राज्यपाल माथुरको आगमनमा उहाँलाई हेलिप्याडमा सिक्किम आर्म पुलिसले गार्ड अफ् अनर द्वारा स्वागत जनाए। राज्यपालको साथमा राजस्थानको वनए पर्यावरण एवं जलवायु परिवर्तन मन्त्री संजय शर्माए विधायक धर्मनारायण जोशीए छत्तीसगढका पूर्व क्याबिनेट मन्त्री महेश गगदा पनि आउनुभएको छ।

****** ० ******

**आरामबाग आगलागी**

हुगली जिल्लाको आरामबाग शहरमा अवस्थित करूणा सिनेमा हलमा आज बिहान आगो लागेको छ।प्राप्त जानकारी अनुसार बिहान ११ बजे सिनेमा हलमा म्याटिनी शो शुरू हुन् अघि हलका कर्मचारीहरूले हलभित्र धुवाँ आइरहेको देखे, त्यस पश्च्यात हेर्दा-हेर्दै आगोले विकराल रूप धारण गऱ्यो अनि सिनेमा हलको एउटा ठूलो भाग जलेर खरानी भयो। सूचना पाएर दमकलकर्मीहरू घटनास्थलमा पुगी आगो निभाउनमा जुटेका थिए। दमकल कर्मीहरूको प्रारम्भिक अनुमानमा शर्ट सर्किटको कारणले यो आगलागी भएको थाहा लागेको छ। ।

****** ० ******

## मिरिक- हिमाक्षरा पुरस्कार

हिमाक्षर १७औं अन्तर्राष्ट्रिय सम्मेलन साथै अव्दुल कलाम पुरस्कार वितरण समारोह आज मिरिकको रंगशाला भवनमा भब्यताको साथ सम्पन्न भयो। ।यस वर्ष अव्दुल कलाम पुरस्कार २०२४ थर्बु उच्चत्तर माध्यमिक विद्यालयका शिक्षक प्रभारी मणी कुमार प्रधान एभुतपुर्व शिक्षक बी बी तामाङ अनि शिक्षक निर्मल सिंगरलाई उनिहरुले शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानलाई कदर गर्दै सम्मानित गरियो । ।साथै यस बर्ष उच्चत्तर माध्यमिक परिक्षामा विद्यालय टप्पर हुने विद्यार्थीहरुलाई पुरस्कार प्रदान गरियो ।जसमा मिरिक उमावि एथर्बु उमावि एरवीन्द्रनाथ उमावि एफुवागढी उमावि एडनबस्को स्कूलएमर्मा प्रेमसुन्दर उमाविका एक एक जना विद्यार्थीहरु रहेका छन्।विभिन्न रङ्गारंग कार्यक्रम माझ सम्पन्न समारोहमा मुख्य अतिथिको रुपमा गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन का डेपुटि चेयरमेन राजेश चौहान लगायत मिरिकका सभासद मिलेश राई ए सूचना एवं संस्कृति बिभागका सह निर्देशक भानु कान्त घिसिङ उपस्थित थिए।

****** ० ******

## शशिप्रभा स्मृति पुरस्कार २०२४

वर्षा २०२२ देखि हाम्रो किताब घरले प्रदान गर्दै आइरहेको शशिप्रभा स्मृति पुरस्कारको लागि यस वर्षको दस श्रेष्ठ पुस्तक आज सार्वजनिक गरिएको छ। प्रथम चरणको ज्युरीहरूको छनौट अनुरुप हाम्रो किताब घरले श्टप टेनश किताबहरू सार्वजनिक गरेको हो। आज सार्वजनिक भएको टप टेन किताबहरूमा पूजा आचार्यको अनुवाद श्यहाँ एउटा जङ्गल थियोश्ए डा. वीणा हाङ्खिमको समालोचना श्शरद छेत्रीका खण्डकाव्यकृतिगत अध्ययनश्ए ममता राईको कथा सङ्ग्रह श्अमूल्य वरदानश्ए प्रवीण राई जुमेलीको कविता सङ्ग्रह श्मेडिटेसनश्ए प्रवीण खालिङको निबन्ध सङ्ग्रह श्चिया गफश्ए डा कृष्णकुमार सापकोटाको समालोचना श्विनिर्माण र लीलाश्ए अबीर खालिङको कथा सङ्ग्रह श्विस्थापनश्ए महेश दाहालको कविता सङ्ग्रह श्धस्काइहरूमा उभिनु छश्ए विनीता छेत्रीको कथा सङ्ग्रह श्एक्लो लुङ्दरश र प्रेम प्रधानको उपन्यास श्चिन्ता सल्केको पहाडश परेका छन्।यता टप टेन पुस्तक सार्वजनिक भएपछि हाम्रो किताब घरका संयोजक छेवाङ योञ्जनले भन्नुभयो ए श्भारतका विभिन्न प्रान्तहरूबाट पठाइएका १०७ पुस्तकहरू यस चोटि 'हाम्रो किताब घर'-लाई प्राप्त भएको थियोए जसमध्ये ज्युरीको पहिलो चरणका छनौट अनुरूप तयार गरिएको सर्ट लिस्टमा उक्त कृतिहरू परेका छन्।श छनौट भएका यी दश किताबहरू अब अन्तिम चरणको ज्युरी समक्ष जाने उहाँले थप जानकारी दिनुभयो। उहाँले आझ भन्नुभयोए . श्यी पुस्तकहरूमध्ये एकलाई मुख्य ज्युरीहरूको अन्तिम चरणको छनौटपछि 'शशिप्रभा स्मृति पुरस्कार २०२४ष प्रदान गरिनेछ। मिरिक निवासी आख्यानकार विजय बान्तवा कैलाशीले वर्ष २०२२ देखि प्रत्येक वर्ष आफ्नी दिवङ्गत पत्नीको स्मृतिमा यो पुरस्कार प्रयोजन गर्दै आइरहेका छन्। पुरस्कारमा नगद राशि पचास हजार सहित स्मृति चिन्ह साथै प्रशस्ति पत्र प्रदान गरिने गरेको छ।

****** ० ******

## मिरिक गोपाल गायन प्रतियोगिता

वाग्येकार गोपाल योन्जन जन्मोत्सव-२०२४अन्तर्गत गोपाल योन्जन प्रतिष्ठान-मिरिकको आयोजनमा मिरिक महकुमा स्तरीय अन्तर विद्यालय गोपाल गायन प्रतियोगिताको प्रथम स्वर परीक्षण वाग्येकार गोपाल योन्जन प्रेक्षागृहमा सम्पन्न गरियो। वाग्येकार गोपाल योन्जनका कालजयी गीत संगीतलाई नयाँ पुस्तामा हस्तांतरण और प्रचलित गराउने उद्देश्यले आयोजित यस प्रतियोगितामा विभिन्न स्कुलका प्रतियोगीहरुले अंश ग्रहण गरेका थिए।कार्यक्रमलाई गोपाल योन्जन प्रतिष्ठान-मिरिक का अध्यक्ष

सुक बहादुर गजमेरले अध्यक्षता गर्नुभएको थियो भने प्रमुख अतिथि श्री पुष्प गजमेर,विशिष्ट अतिथिको रुपमा आर बी राई, सभासद मिलेश राई लगायत अन्य उपस्थित थिए। अब शीघ्र नै दोस्रो चरणको चयन प्रक्रिया सम्पन्न गरि अन्तिम चरणको निम्ति प्रतियोगीहरु चयन गरिने जानकारी प्रतिष्ठानको सचिव केसाङ लामाले जानकारी दिनुभएको छ ।

****** ० ******

**मिरिक पर्यटन केन्द्र**

मिरिक पर्यटन केन्द्रको मुख्य आकर्षण मिरिक झीलको कतिपय ठाँउका ढिस्कनाहरू झर्न थालेपछि झील परिसरमा रहेको कतिपय धुप्पीका रूखहरूको अस्तीत्व शंकटमा परेको छ।वर्षाको मौसमा ढिस्कना भत्किएर हाल एउटा धुप्पीको रूख मिरिक झीलमा लडी रहेको देखिएको छ।मिरिक पर्यटन केन्द्रको मुख्य आकर्षणहरूमध्ये एउटा धुप्पीको रूख हो।यहाँ रहेको धुप्पीका रूखहरूले मिरिक पर्यटन केन्द्रको प्राकृतिक सौंन्दर्यमा धैरै टेवा पुराएको छ।प्रत्येक बर्ष नै बर्षाको मौसममा ढिस्कना झर्दा एक या दुईवटा धुप्पीको रूख लडेर झीलमा पस्ने गर्छ | मिरिक झील परिसरमा रहेको धुप्पीको रूखहरू यसरी लड्न थालेपछि पर्यावरण संरक्षणमा कार्य गरिरहेका एटी राईले चिन्ता प्रकट गर्दै यसको संरक्षणमा सम्बन्धित निकायले ध्यान दिए असल हुने बताउनुभएको छ।

****** ० ******

**संशो मनु - कांस्य**

पेरिस ओलंपिकमा भारतीय निशानेबाज मनु भाकर अनि सरबजोत सिंहले आज पेरिस ओलिंपिकमा दस मीटर एयर पिस्टल मिक्स्ड टीम स्पर्धा मा भारतको लागी दोस्रो कांस्य पदक जितेका छन्। मनु भाकर एउटे ओलंपिकमा दुई पदक जीतनें पहिलो पहली भारतीय खिलाड़ी बनेकी छन्। दक्षिण कोरियाको ओह ये जिन अनि ली वोन्हो सँग 16-10 को अंतरले जितेर मनु अनि सरबजोतको जोड़ीले कांस्य पदक हासिल गरेका छन्। यसभन्दा अघि मनु भाकरले आइतबार दस मीटर पिस्टल शूटिंगमा कांस्य पदक जितेर भारतको खाता खोलेका थिइन्। यस पूर्व कोलकत्तामा जन्मेका नॉरमन प्रीटचर्ड पहिलो ब्रिटिश भारतीय खिलाडी थिए जसले वर्ष 1900 मा पेरिसमा खेलिएका ओलंपिक खेलहरुमा दुई वटा रजत पदक जीतेका थिए। बैंडमिंटन खिलाडी पीवी सिंधू अनि कुस्ती खेलाडी सुशाील कुमार मात्र दुइ यस्ता भारतीय खिलाडी थिए जसले ओलंपिक खेलमा एक भन्दा अधिक पदक जितेका थिए।

****** ० ******